## मिति २०७७।०५।२२ गते बसेको जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकका निर्णयहरु

**निर्णय नं. १**

**कोभिड-१९ संक्रमणको जिल्लाको वर्तमान अवस्था र आजका मितिसम्म लागू रहेको निषेधाज्ञा लगायतका सम्बन्धमा आजको यस बैठकमा छलफल भई (आवश्यक्तानुसार थप निर्णय हुदै जाने गरी) हाल जारी रहेको निषेधाज्ञाको म्याद समाप्त भए पश्चात तपशिलमा उल्लेख भए बमोजिमको व्यवस्थाका लागि जिल्ला सुरक्षा समितिमा सिफारिस गर्ने निर्णय गरियो ।**

**तपशिल**

क) पूर्वमा खाँडो नदी, उत्तरमा कोशी पम्प चन्द्र नहर, पश्चिममा छिन्नमस्ता डेरी (सिरहा रोड) नजिकको नाला र दक्षिणमा लिलजा टोल/बागेश्वरी मन्दिर सम्मको राजविराज न.पा.को क्षेत्र भित्र मिति २०७७।०५।२९ गते राती १२:०० बजे सम्म पूर्ववत निषेधाज्ञा जारी हुन ।

**बुँदा नं. 'क' मा उल्लेखित बाहेकका क्षेत्रका लागि मात्र :-**

ख) जिल्लाभरी जोर गते जोर नम्बर तथा विजोर गते विजोर नम्बर अनुसार निजी सवारी साधन मापदण्डको पालना गरेर संचालन गर्ने र हाललाई अर्को सूचना नभएसम्म सार्वजनिक सवारी साधन संचालन नगर्ने ।

ग) सिटी रिक्सा जोर विजोर, प्रणाली अनुसार यातायात मापदण्ड पालना गरी बढीमा २ जना यात्रु राखेर संचालन गर्ने ।

घ) खाद्यवस्तु, इन्धन, खाना पकाउने ग्याँस, तरकारी, फलफुल, दुध, डेरी, हार्डवेयर, कपडा पसल लगायतका पसल व्यवसाय संचालकले ग्राहकहरुको तापक्रम नाप्ने, २ मिटरको भौतिक दूरी कायम गर्ने, मास्क, सेनिटाइजरको प्रयोग गर्ने तथा नेपाल सरकारबाट जारी भएको सुरक्षा मापदण्ड, जनस्वास्थ्य मापदण्ड, उद्योग व्यापार आपूर्ति सम्बन्धी मापदण्ड लगायत अन्य मापदण्डहरु समेतको पालना गरी मात्र पसल संचालन गर्ने ।

ङ) होटेल तथा रेष्टुरेन्टले अनलाईन अर्डरका होम डेलिभरी तथा ग्राहक स्वयम् आएर प्याकिङ्ग गरी लैजाने टेक अवे विधिलाई प्रयोग गरी संचालन गर्ने । होटेलमा भेटघाट तथा जम्मा हुने गरी सेवा प्रदान गर्न नपाउने ।

च) सैलुन, ब्युटीपार्लर, गुद्री बजार, साप्ताहिक हाट बजार, जिमखाना, कभर्ट हल हाललाई संचालन नगर्ने ।

छ) दैनिक रुपमा गरिने नित्य पूजा-प्रार्थना बाहेकका धार्मिक तथा सांस्कतिक कार्यहरु, मेला, चाडपर्व, जात्रा, हाटबजार, महोत्सव, भेला तथा अन्य सामुहिक गतिविधिहरु गर्न, गराउन नपाउने ।

ज) उद्योगहरुले नेपाल सरकारबाट निर्धारित वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड, जनस्वास्थ्य मापदण्ड, यातायात मापदण्ड लगायत अन्य मापदण्डहरु समेतको पालना हुने गरी उद्योग संचालन गर्ने ।

झ) जिल्लास्थित राजमार्ग प्रयोग गरी संचालन हुने तोकिए बमोजिमका सवारी साधन बाहेक जिल्लाभरिको कुनै पनि स्थानमा राती ८:०० बजे देखि विहान ५:०० बजेसम्म हिडडुल नगर्ने । अत्यावश्यक बाहेक १० वर्ष भन्दा मुनी तथा ६० वर्ष भन्दा माथिको उमेरका व्यक्तिहरुलाई कुनै पनि काममा घर बाहिर आवतजावत गर्न नदिने ।

ञ) अत्यावश्यक सेवा प्रयोजनमा प्रयोग हुने सवारी साधन बाहेक सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जारी गरेको सवारी पास बेगर अन्य कुनै पनि जिल्लाको सवारी साधन यस जिल्लाभित्र प्रवेश गर्न नपाउने ।

ट) बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी उपयुक्त व्यवस्था मिलाई भीडभाड नहुने व्यवस्था मिलाई मात्र सेवा संचालन गर्ने ।

ठ) शैक्षिक संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, ट्युशन सेन्टर, भाषा कक्षा लगायतका जमघट हुने गतिविधीहरु संचालन नगर्ने/नगराउने ।

निर्णय प्रमाणित

०७७/५/२२

ड) सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघसंस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय निकाय एवं संघ संस्थाहरुले विद्युतीय माध्यमबाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । यी निकायहरुको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work From Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने । तर त्यस्ता कार्यालयहरुले पनि भीडभाड नहुने प्रकृतिका र स्वास्थ्य सतर्कताको मापदण्ड पालना गराई संचालन गर्न सकिने कार्यहरु सुचारु गर्ने ।

ढ) दैनिक उपभोग्य वस्तुलगायत पूर्वाधार निर्माणमा आवश्यक सामग्रीहरु आपूर्ति गर्दा सो कार्यमा संलग्न चालक, सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालनामा कमी भएको देखिएकोले सम्बन्धित व्यवसायी, उद्योगी एवं सामाजिक संघ-संस्था, सामुदायिक संस्था र सहकारीहरुले अनिवार्य रुपमा सामाजिक दुरी कायम गर्नुका साथै मास्क, स्यानिटाइजरजस्ता न्यूनत्तम स्वास्थ्य मापदण्ड पालना गर्ने ।

ण) उद्योग, कलकारखाना लगायतका व्यवसाय संचालन गर्ने व्यवसायीहरुले हाल उद्योग व्यवसाय संचालन गर्न तथा निजी तथा सार्वजनिक निर्माणको काममा लगाइएका श्रमिक लगायतका जनशक्तिलाई अनिवार्य रुपमा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड अवलम्बन गर्न लगाई उद्योग/कलकारखाना/सार्वजनिक तथा निजी निर्माणको परिसरभित्रै सुरक्षित रुपमा खाने बस्ने व्यवस्था गर्ने । हाललाई अन्यत्र स्थानबाट कामदारहरु नल्याउने । कोभिड-१९ को संक्रमणको कारण भविष्यमा आउने जोखिम व्यवस्थापन गर्न सम्बन्धित उद्योग व्यवसायले आफ्नो क्षेत्रभित्र आवश्यक क्वारेन्टिन तथा आइसोलेशन लगायतका पूर्वाधारको प्रबन्ध समेत गर्ने ।

त) यस सूचनामा उल्लेख नभएका विषय र क्षेत्रहरुका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्द्वारा विभिन्न मितिमा भएका एवं निर्देशन बमोजिम हुने ।

थ) माथि उल्लेखित बुँदाहरुको परिधी भित्र रही स्थानिय तहहरुले आफ्नो पालिकाको संक्रमणको अवस्थाको विश्लेषणका आधारमा आवश्यक थप व्यवस्था मिलाउने ।

निर्णय नं. २

हालसम्म प्राप्त जानकारी अनुसार जिल्लाका कंचनरुप नगरपालिका, तिरहुत गा.पा. र बोदेबर्साइन न.पा. मा लक्षण नदेखिएका COVID-19 संक्रमितहरुका लागि आइसोलेशन संचालनमा ल्याइएको हुँदा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।०५।१४ गतेको निर्णय बमोजिम उक्त आइसोलेशनहरुको सुरक्षा व्यवस्था मिलाउनका लागि भीमदल गण, नेपाली सेनालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भीमदल गण, नेपाली सेनाद्वारा शव व्यवस्थापनका लागि सामग्रीहरु माग भइ आएको हुँदा नेपाली सेनाले आवश्यक सामग्रीहरुको सूची स्वास्थ्य कार्यालयलाई उपलब्ध गराउने उक्त सूचीका सामग्रीहरु मध्ये स्वास्थ्य कार्यालयमा उपलब्ध रहेका सामग्रीहरु स्वास्थ्य कार्यालयले नेपाली सेना भीमदल गणलाई उपलब्ध गराउँदै बाँकी रहेका सामग्रीहरुका लागि स्वास्थ्य कार्यालयले प्रदेश सरकारसँग मागँ/समन्वय गरी नेपाली सेनालाई उपलब्ध गराउने । उल्लेखित सामग्रीहरुको आवश्यक्ता सम्बन्धी जानकारी नेपाली सेना, भीमदल गणले माथिल्लो निकायलाई समेत गराउने ।

निर्णय प्रमाणित

०७७/५/२२